मिति २०७९/१/२२ गतेको सचिव वैठकको निर्णय-

१. अघिल्लो सचिव वैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो ।

२. मिति २०७८/१२/१० को सचिव वैठकबाट सम्वत २०७९ वैशाख १ गतेदेखि प्रदेशस्थित सबै मन्त्रालय, सचिवालय, आयोग र तत् निकाय मातहतका जिल्लास्थित सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी (E-attendance) प्रणाली सुरुवात गरी कार्यान्वयन गर्ने निर्णय भएको सन्दर्भमा मिति २०७९ जेठ १ गतेबाट प्रदेशस्थित सबै सरकारी निकायहरुले दोहोरो नहुने गरी (हाजिरी रजिष्टरमा नगर्ने) विद्युतीय हाजिरी (E-attendance) गर्ने व्यवस्था गरी महिना समाप्ति पश्चात उक्त हाजिरी कार्यालयबाट प्रमाणित गरी राख्ने ।

३. प्रदेश सरकार अन्तरगतका केही कार्यालयहरुको हकमा डोटी जिल्लाको दिपायल/राजपुरमा मुख्य कार्यालय रही कैलाली जिल्लाको धनगढीमा घर भाडामा लिई सम्पर्क कार्यालयहरु खोलि कामकारवाही हुँदै आएको सन्दर्भमा आगामी आर्थिक वर्षदेखि सो कार्य अन्त्य गर्ने। घरभाडा शिर्षकमा अनावश्यक बजेट नराख्ने ।

४. सबै मन्त्रालय/आयोग/सचिवालयले आ-आफ्नो कार्यालय र मातहतको निकायहरुको प्रदेश सरकार स्थापना भएपछि हालसम्मको बेरुजुको विवरण संकलन गरी प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने। प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले सो को एकीकृत विवरण तयार गरी बेरुजू फर्छ्यौट अनुगमन समितिको वैठकका लागि आवश्यक तयारी गर्ने ।

५. नेपाल सरकार, अर्थ मन्त्रालयबाट ईन्धन कटौति गर्ने सम्बन्धमा प्रकाशित सूचनालाई मध्यनजर गर्दै प्रदेश स्थित मन्त्रालय लगायत सरकारी कार्यालयहरुले उक्त कार्यालयहरुमा हुने ईन्धन खपतलाई न्यूनीकरण गरी मितव्ययिता अपनाउन अत्यावश्यक बाहेक अन्य प्रकृतिका काममा भ्रमण नगर्ने, सकेसम्म कम मात्रामा सवारी सञ्चालन गर्ने, इन्धन शिर्षकमा न्यूनतम खर्च गर्ने नीति लिने ।

६. आगामी आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तुत गरिने वार्षिक नीति तथा कार्यक्रम तयार गरी पेश गर्ने।

७. नेपाली सेनाद्वारा निर्माण भईरहेको कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकास्थित HOLDING CENTER मा TRANSFORMER जडान गर्ने प्रयोजनका लागि सामाजिक विकास मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहेको विपद् व्यवस्थापन कोषबाट आवश्यक बजेट माग गरी TRANSFORMER जडान सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने ।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

प्रमुख सचिव